## सम्झौता पत्र

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ अन्तर्गत काठमाडौं विश्वविद्यालय धुलिखेल र विकास समिति ऐन, २०१३ अनुसार गठित नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (गठन आदेश २०२९) को तेश्रो संशोधन २०५५ अन्तर्गत स्थापित नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) का बीच तपसिलका शर्त-बन्देजका अधिनमा रही सहकार्यमा Bachelor of Hospitality Management (BHM) शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको छ ।

१. काठमाडौं विश्वविद्यालयको स्वीकृत शैक्षिक कार्यक्रम अन्तर्गत रही नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको वर्दिवास शाखाको व्यवस्थापनमा शैक्षिक सत्र २०२२-२०२३ देखि Bachelor of Hospitality Management (BHM) मा ४० जना विद्यार्थी भर्ना गरी कार्यक्रम सञ्चालन गरिनेछ । अन्य स्थानमा यही कार्यक्रमहरुको विस्तार विश्वविद्यालय र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान बीच २०७९ साल साउन २२ गते भएको समझदारीपत्र (MoU) अनुरुप हुनेछ ।

२. काठमाडौं विश्वविद्यालयद्वारा कार्यक्रम सञ्चालनका लागि निर्धारित शिक्षण शुल्कमध्ये नेपाल पर्यटन तथा होटल व्यवस्थापनले प्रति ब्याच प्रति कक्षा (सेक्सन) अथवा ४० जनाको समूह हिसाबले काठमाडौं विश्वविद्यालयलाई कक्षा सञ्चालन भएको एक महिनाभित्र रु. १० लाख बुझाउनु पर्नेछ । अन्य रकम २०७९ साल साउन २२ गते भएको समझदारीपत्र (MoU) अनुरुप नेपाल पर्यटन तथा होटल व्यवस्थापनले अलग्गै बुझाउने छ ।

३. नेपाल पर्यटन तथा होटल व्यवस्थापनले काठमाडौं विश्वविद्यालय स्कुल अफ मेनेजमेन्टद्वारा तोकिएको मापदण्ड अनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्नेछ ।

४. उपर्युक्त कार्यक्रमहरु सञ्चालन सम्बन्धी सम्पूर्ण प्रशासनिक तथा शैक्षिक खर्च नेपाल पर्यटन तथा होटल व्यवस्थापनले व्यहोर्नेछ ।

५. काठमाडौं विश्वविद्यालयको मापदण्ड अनुसार आवश्यक पर्ने जनशक्ति अर्थात शिक्षक तथा कर्मचारी साथै भौतिक व्यवस्थापन सम्बन्धी कार्यहरु नेपाल पर्यटन तथा होटल व्यवस्थापनले गर्नेछ ।

६. अन्य कुराका हकमा आवश्यक निर्णयहरु काठमाडौं विश्वविद्यालय सम्बन्धन तथा विस्तारित कार्यक्रम सम्बन्धी नियम, २०७१ बमोजिम हुनेछ ।

७. यो सम्झौता काठमाडौं विश्वविद्यालय कार्यकारी परिषद्को निर्णय बमोजिम काठमाडौं विश्वविद्यालयका तर्फबाट विश्वविद्यालयका रजिष्ट्रार एवं NATHMका तर्फबाट कार्यकारी निर्देशकले सहिछाप गरेको मिति देखि लागू हुनेछ ।

| | |
|---|---|
| प्रा.डा. सुबोध शर्मा<br>रजिष्ट्रार<br>काठमाडौं विश्वविद्यालय<br>धुलिखेल, काभ्रे | श्री राजेश उप्रेती<br>कार्यकारी निर्देशक<br>NATHM<br>काठमाडौं |
| साक्षी १: आशा थापा मगर | साक्षी १: अजय टकाल |
| साक्षी २: देवी प्रसाद बेजार | साक्षी २: मन राजा खत्री |

इति सम्वत् २०७९ साल भदौ १ गते बुधवार शुभम् ।